लिखु तामाकोशी गाउँपालिका
Likhu Tamakoshi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
धोबी बजार, रामेछाप (Dhobi Bazaar, Ramechhap)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)


प.सं. (Ref. No.):-

च.नं. (Dispatch No.):-

मिति (Date):-

# अनिवार्य विवरण पेश गर्ने सम्बन्धी सूचना !

(प्रकाशित मितिः २०८१/०४/२८)

उपरोक्त विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ख) मा सहकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन, नियमन, दर्ता, अनुमति, खारेजी र विघटन, संस्थाको क्षमता अभिवृद्धी, तथ्याङ्क व्यवस्थापन, अध्ययन अनुसन्धान सहकारी क्षेत्रको प्रवर्द्धन र विकास लगायतका कार्यहरु स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहेको सर्वविदित नै छ । उक्त व्यवस्थाको कार्यान्वयनका लागि लिखु तामाकोशी गाँउपालिकाको सहकारी ऐन, २०७६ जारी भई कार्यान्वयनमा ल्याइसकेको सन्दर्भमा यस गाँउपालिको नियमन क्षेत्रभित्र दर्ता/सूचीकृत भएका सहकारी संस्थाहरुले प्रत्येक आर्थिक वर्ष समाप्त भए पश्चात् सहकारी सम्बन्धी तोकिएका विवरणहरु दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने कानूनी व्यवस्था भए बमोजिम तपसिलमा उल्लेखित विवरणहरू यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस पालिकाको इमेल ठेगाना वा सहकारी शाखामा उपलब्ध गराइदिनु हुन सम्पूर्ण सहकारी संस्थाहरुलाई सूचित गरिन्छ । साथै सहकारी संस्थाहरुले आफ्नो संस्थासँग सम्बन्धित विवरणहरु COPOMIS मा अनिवार्य रुपमा प्रविष्ट गर्न, गराउनुहुन समेत जानकारी गराइन्छ ।

तपसिलः

| | |
|---|---|
| १. कुल सदस्य संख्याः- महिलाः ...... पुरुषः.......... | १०.दोहोरो सदस्य रहे/नरहेको, भएमा सङ्ख्याः- ..... |
| २. संस्थामा बचत गर्ने बचतकर्ताको सङ्ख्या, | ११.कर्मचारीको सङ्ख्याः- महिलाः ......पुरुषः...... |
| ३. सदस्यहरूको कुल बचत/शेयर पूँजी/जगेडा कोष, | १२. कारोवारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन, |
| ४. जम्मा ऋणी सदस्यहरूको सङ्ख्या, | १३. सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम, |
| ५. संस्थाबाट प्रवाह भएको कुल ऋण लगानी रकम | १४. वार्षिक कार्यक्रम तथा योजना, |
| ६. एकाघरका सदस्यहरूमा अलग-अलग ऋण लगानी भए/नभएको, | १५. वार्षिक कार्यक्रम तथा योजना, |
| ७. भाका नाघेको जम्मा ऋण रकम/ऋणीको सङ्ख्या, | १६. खुद बचत सम्बन्धी नीति तथा योजना, |
| ८. एउटा सदस्यलाई एक पटकभन्दा वढी ऋण लगानी भए/नभएको, | १७. साधारण सभाको बैठक सम्बन्धी जानकारी, |
| ९. एकाघरको सदस्य एउटै सहकारीको सञ्चालक भए त्यस्तो व्यक्तिको सङ्ख्या, | १८. गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन । |

२०८१/०४/२८

धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत